# नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय, पाल्पा

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८२/०८३




तथ्याङ्क समन्वय कार्यालय, पाल्पा

(पाल्पा, गुल्मी, अर्घाखाँची)

फोन नं: ०७५-५२०५१२

इमेल: **scopalpa@nsonepal.gov.np**

वेवसाइट: **https://scopalpa.nsonepal.gov.np/**

फेसबुक पेज: तथ्याङ्क समन्वय कार्यालय पाल्पा

# तथ्याङ्क समन्वय कार्यालय पाल्पाको

## वार्षिक प्रगति प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय, पाल्पा**
(पाल्पा, गुल्मी, अर्घाखाँची)

**<u>प्रकाशक</u>**
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, पाल्पा
(पाल्पा, गुल्मी, अर्घाखाँची)
फोन नं: ०७५-५२०५१२
इमेल: **scopalpa@nsonepal.gov.np**
वेवसाइट: **https://scopalpa.nsonepal.gov.np/**
फेसबुक पेजः तथ्याङ्क समन्वय कार्यालय पाल्पा
२०८३ श्रावण

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय,पाल्पा
( पाल्पा, गुल्मी र अर्घाखाँची )

प.सं.:-०८१/८२
च.नं.:-

फोन नं. ०७५-५२०५१२
ई-मेल: scopalpa512@gmail.com

## कार्यालय प्रमुखको मन्तव्य

म आफ्ना विचारहरू तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदनमार्फत प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित छु।

यस आर्थिक वर्षमा कार्यालयले जिल्ला भित्रका विभिन्न सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्थान तथा साझेदार संस्थाहरूसँग समन्वय गर्दै **तथ्याङ्क संकलन, समन्वय, व्यवस्थापन र विश्लेषण**का कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाएको छ। विशेष गरी **SDG सूचकहरू, स्थानीय तहका तथ्याङ्क प्रोफाइल अद्यावधिक, जनगणना/सर्वेक्षण, समन्वय, प्रशिक्षण तथा जनचेतनामूलक कार्यक्रमहरू** सफलतापूर्वक सम्पन्न गरिएका छन्।

तथ्याङ्क क्षेत्रमा गुणस्तरीय तथ्याङ्क व्यवस्थापन र नीति निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले चालु वर्षमा विभिन्न तहमा क्षमता अभिवृद्धि कार्यक्रम, डेटा प्रवाह प्रणालीको सुदृढीकरण, र अनलाइन रिपोर्टिङ प्रणालीको प्रयोगलाई प्राथमिकतामा राखिएको छ। साथै, स्थानीय तहहरूमा तथ्याङ्कको महत्त्वबारे जनचेतना फैलाउन कार्यशाला तथा समन्वय बैठकहरू सञ्चालन गरियो।

यद्यपि, स्रोत साधनको सीमितता,जनशक्ति अभाव, प्रविधिको प्रयोगमा चुनौती र केही स्थानीय तहहरूसँग समन्वयमा देखिएका असहजताहरूले कार्यान्वयनमा केही कठिनाइहरू पनि आएका छन्। यस्ता चुनौतीहरूको समाधानका लागि आगामी दिनमा अझ सक्रिय समन्वय, प्रविधिमा आधारित प्रणाली विकास, र स्थानीय तहसँगको सहकार्यलाई अझ मजबुत बनाइनेछ।

यस प्रतिवेदनको तयारीमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सबै कर्मचारी, स्थानीय तहका प्रतिनिधिहरू, केन्द्र र प्रदेशका सम्बन्धित निकायहरू, र सरोकारवाला सबैमा म धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा, हामी तथ्याङ्कसम्बन्धी कार्यलाई अझ व्यवस्थित, दिगो र नीतिनिर्माणमुखी बनाउन प्रतिबद्ध छौं। आगामी दिनहरूमा पनि सहकार्य, पारदर्शिता र जिम्मेवारीका साथ कार्य गर्ने विश्वास दिलाउँदै प्रतिवेदनमार्फत प्रस्तुत गरिएका उपलब्धिहरू, तथ्याङ्क र विश्लेषणहरू सम्बन्धित सबै निकायहरूलाई मार्गदर्शनस्वरूप उपयोगी हुने आशा व्यक्त गर्दछु।

धन्यवाद !

...............
(केशव ज्ञवाली)
तथ्याङ्क समन्वय अधिकारी

# विषयसूची


खण्ड १. कार्यालयको स्वरुप र प्रकृति ........ 1

**१.१ कार्यालयको काम, कर्तव्य र अधिकार** ........ 1

**१.२ कार्यालयको कर्मचारी संगठन संरचना चार्ट तथा स्वीकृत दरबन्दी विवरण** ........ 2

**१.२.१ कार्यालयको कर्मचारी संगठन संरचना चार्ट** ........ 2

**१.३ तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको सेवा प्रदान गर्ने शाखा तथा जिम्मेवार व्यक्तिहरूको विवरणः** ........ 3

**१.४ नागरिक वडापत्र** ........ 4

खण्ड २ जनसांख्यिक विवरण ........ 7

**२.१ पाल्पा जिल्लाको जनसाङ्ख्यिकी विवरण** ........ 7

**२.२ गुल्मी जिल्लाको जनसाङ्ख्यिकी विवरण** ........ 9

**२.३ अर्घाखाँची जिल्लाको जनसाङ्ख्यिकी विवरण** ........ 11

खण्ड ३ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण ........ 13

**३.१ कार्यालयका नियमित कामहरू** ........ 13

**३.१.१ राष्ट्रिय लेखा तथ्याङ्क** ........ 13

**३.१.२ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन** ........ 14

**३.१.३ कृषिजन्य वस्तुहरूको स्थलगत मूल्य सूचकांक तथ्याङ्क संकलन** ........ 14

**३.१.४ राष्ट्रिय तथ्यगत विवरण (NDP)** ........ 14

**३.१.५ स्थानीय तहहरूको वस्तुगत विवरण प्रकाशन** ........ 15

**३.२ विभिन्न सर्वेक्षणहरू** ........ 15

**३.२.१ व्यावसायिक तरकारी बाली (Commercial vegetable Survey) सर्वेक्षण २०८२** ........ 15

**३.२.२ नेपाल स्थल यातायात सर्वेक्षण २०८२** ........ 15

**३.२.३ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण २०८२** ........ 15

**३.२.४ आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षण** ........ 16

**३.३ गोष्ठी तथा समीक्षा** ........ 16

**३.४ कार्यक्रम/ क्रियाकलाप संचालन कार्ययोजना** ........ 16

खण्ड ४ कार्यालयको आर्थिक प्रशासन सम्बन्धी विवरण ........ 21

खण्ड ५ कार्यालयको भौतिक अवस्था ........ 26

**५.१ जग्गा तथा भवन** ........ 26

**५.२ कार्यालयको जिन्सी विवरण** ........ 26

खण्ड ६ सूचना तथा प्रविधिको अवस्था ........ 28

**६.१ सूचना प्रविधि सम्बन्धी विविध प्रबन्धहरू** ........ 28

**६.२ सूचना प्रविधिको भौतिक अवस्था** ........ 28

खण्ड ७ कार्यालयको समस्या, समाधानका उपाय र अभ्यासहरू ........ 30

**७.१ कार्यालयका मौजुदा समस्या** ........ 30

**७.२ समस्या समाधानका उपायहरू** ........ 30

**७.३ कार्यालयका अभ्यासहरू** ........ 31

तथ्याङ्क समन्वय कार्यालयको विभिन्न कार्यक्रमहरूको तथ्याङ्कन सङ्कलन तथा अनुगमनका क्रममा कैद गरिएका विभिन्न तस्बिरहरुः ........ **Error! Bookmark not defined.**

# खण्ड १. कार्यालयको स्वरुप र प्रकृति

नेपालमा वैज्ञानिक तरिका द्वारा जनगणना गराउने र अन्य विविध तथ्याङ्क समेत सङ्कलन गर्ने उद्देश्यले साविकका दुई अड्डाहरू जनसंख्या गोश्वारा र औद्योगिक व्यापारिक समाचार संग्रह अड्डालाई गाभी २००७ साल भाद्र ९ गते संख्या विभागको स्थापना भएको थियो। मुलुकको गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न तत्कालिन श्री ५ को सरकारलाई यथार्थ आधार चाहिएको र त्यसको आधार जुटाउन तथ्याङ्क सम्बन्धी कामको लागि एक केन्द्रीय तथ्याङ्क विभाग को स्थापना गर्न आवश्यक भएकोले २०१५ मंसिर १८ गते नेपालमा तथ्याङ्क ऐन, २०१५ लागू भयो। यही ऐनको आधारमा संख्या विभाग खारेज भई २०१५ साल पौष १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको हो। केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग अन्तर्गत रहेको थियो। तथ्याङ्क ऐन, २०१५ ले केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने जिम्मेवारी दिएको थियो। तथ्याङ्क सङ्कलन कार्यलाई सहज बनाउनका लागि २०५० सालमा ३३ जिल्लामा तथ्याङ्क कार्यालयहरूको स्थापना भएको थियो। सोही अनुसार पाल्पा जिल्लामा पाल्पा र गुल्मी जिल्ला हेर्ने गरी तथ्याङ्क कार्यालय, पाल्पाको स्थापना भएको थियो ।

तथ्याङ्क ऐन- २०१५ लाई परिमार्जित गर्दै हाल तथ्याङ्क ऐन- २०७९, २०७९ असोज २७ गते देखि लागू भएको छ। सोहि ऐनका आधारमा केन्द्रीय तथ्याङ्क विभाग खारेज भई राष्ट्रिय तथ्याङ्क कार्यालय स्थापना भएको छ। हाल राष्ट्रिय तथ्याङ्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ। साविकमा कार्यालयको नाम तथ्याङ्क कार्यालय, पाल्पा रही कार्यक्षेत्र पाल्पा र गुल्मी रहेको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयबाट राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत रहेका ३३ वटा तथ्याङ्क कार्यालयहरू खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत भएकोले उक्त निर्णय कार्यन्वयनको सिलसिलामा २०८१/०४/०१ गते देखि पाल्पा जिल्लामा पाल्पा, गुल्मी र अर्घाखाँची ३ जिल्ला हेर्ने गरी तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको स्थापना भएको छ।हाल कार्यक्षेत्र भित्रको तिनै जिल्लाको तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्दै आईरहेको छ।

## १.१ कार्यालयको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट छानिएका क्षेत्रमा प्राप्त निर्देशन बमोजिम अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्ने,
- तथ्याङ्क कार्यालयका प्रकाशन एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त प्रकाशनहरू विभिन्न व्यक्ति, संघ संस्था र कार्यालयहरूलाई उपलब्ध गराउने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरूको अभिलेखहरूको संरक्षण गर्ने,
- जिल्लाका सरकारी एवं गैर सरकारी कार्यालय, तथ्याङ्क प्रयोगकर्ता बिच गोष्ठी, बैठक आदि मार्फत समन्वयको कार्य गर्ने,
- आवश्यकता अनुसार प्राथमिक र द्वितीय तथ्याङ्कहरू सङ्कलन, विश्लेषण तथा प्रशोधन गर्ने,
- कार्यक्षेत्र भित्र परेका जिल्ला तथा स्थानीय तहहरूको वस्तुगत विवरण तयार गर्ने,
- योजना, निति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मूल्याङ्कनको आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लागि पैरवी र सरोकारवाला निकायहरूलाई सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सिमाना, धरातल र घरपरिवारको निर्दिष्ट स्थान छुट्याउने गरी नक्साङ्कन गर्ने,

- जिल्ला तथा स्थानीय तहहरूमा विभिन्न तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कको गुणस्तरमा विश्वसनियता, वैधता र एकरुपता कायम गरी विभिन्न निकायहरू संग समन्वय गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशन बमोजिम अन्य कार्य गर्ने,


## १.२ कार्यालयको कर्मचारी संगठन संरचना चार्ट तथा स्वीकृत दरबन्दी विवरण

संगठनात्मक चार्ट भन्नाले कार्यालयमा कार्यरत विभिन्न पदहरू, तिनको कार्यक्षेत्र, जिम्मेवारी, र पदानुक्रमको दृश्यात्मक (चित्र वा तालिका) रूपमा प्रस्तुत गरिएको संरचनालाई जनाइन्छ। कर्मचारी संगठनात्मक चार्ट र स्वीकृत दरबन्दी विवरण कार्यालयको समग्र मानव संसाधन व्यवस्थापनको मेरुदण्ड हो। यसले कार्य कुशलता, जवाफदेहिता, र पारदर्शिता बढाउँछ। साथै, रिक्त पद पूर्ति, क्षमता विकास र भविष्यको योजना बनाउने सन्दर्भमा पनि यस्ता विवरणहरू आधारका रूपमा काम गर्छन्। प्रत्येक कार्यालयले अद्यावधिक संगठनात्मक चार्ट र दरबन्दी विवरण तयार गरी, त्यसको आधारमा प्रभावकारी मानव संसाधन व्यवस्थापन गर्नुपर्ने आवश्यकता हुन्छ।

### १.२.१ कार्यालयको कर्मचारी संगठन संरचना चार्ट

तथ्याङ्क समन्वय कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह राज पत्राङ्कित द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको जिम्मेवारीमा रहने व्यवस्था छ। कार्यालयको कामलाई प्राविधिक (तथ्याङ्क) शाखा र प्रशासन शाखा गरी दुई शाखामा विभाजन गरिएको छ।शाखा प्रमुखको जिम्मेवारी तथ्याङ्क अधिकृतलाई दिईएको छ। कार्यसम्पादन उत्कृष्ट रुपमा सम्पन्न गर्नको लागि तथ्याङ्क शाखा अन्तर्गत राष्ट्रिय लेखा फाँट, गणना फाँट, सर्वेक्षण फाँट र प्रकाशन फाँट र प्रशासन शाखा अन्तर्गत कर्मचारी प्रशासन तथा तालिम फाँट, जिन्सी तथा खरिद फाँट र आर्थिक प्रशासन तथा लेखा फाँट रहने गरी सहायक कर्मचारीहरूको काम बाडफाड गरिएको छ। तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको कर्मचारी सांगठनिक चार्ट देहाय अनुसार रहेको छ।

**तथ्याङ्क समन्वय कार्यालय पाल्पाको संगठन संरचना**



## १.२.२ कार्यालय स्वीकृत दरबन्दी विवरण

तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको स्वीकृत दरबन्दी सङ्ख्या १३ रहेको छ जसमा ८ दरबन्दी पुर्ति भएको अवस्था छ। गणक पदको रिक्त दुई दरबन्दी लोक सेवा आयोगमा माग गरिएको र सहलेखापाल पदको रिक्त दरबन्दि एक कोष तथा लेखा नियन्त्रण कार्यालयमा जानकारी गराइएको छ।हाल लाई कोष तथा लेखा नियन्त्रण कार्यालयबाट नै लेखापाल लाई खटाई कार्यालयको नियमित आर्थिक क्रियाकलापहरू सञ्चालन भएको छ।कार्यालयको कार्यालय सहयोगीको दुबै दरबन्दी रिक्त रहेको र सो पद सेवा करार बाट कामकाज गराइएको छ।यहाँ दरबन्दी र करारका गरी जम्मा १० जनशक्ति कार्यरत रहेको छ। कार्यालयको स्वीकृत दरबन्दी विवरण तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

| क्र.सं. | पद | श्रेणी | दरबन्दीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरबन्दी संख्या | दरबन्दी पूर्ति | रिक्त दरबन्दी | |
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा .प. द्वितीय | १ | १ | ० | |
| २ | तथ्याङ्क अधिकृत | रा .प. तृतीय | १ | १ | ० | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ३ | ३ | ० | |
| ४ | स.ले.पा. | रा.प.अनं.द्वितीय | १ | १ | ० | |
| ५ | खरिदार | रा.प.अनं.द्वितीय | २ | २ | ० | |
| ६ | गणक | रा.प.अनं.द्वितीय | ३ | १ | २ | १ लोक सेवा आयोगमा माग गरिएको। |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | २ (करार ) | ० | |
| जम्मा | | | १३ | १० | २ | |

## १.३ तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको सेवा प्रदान गर्ने शाखा तथा जिम्मेवार व्यक्तिहरूको विवरणः

हाल तथ्याङ्क समन्वय कार्यालय, पाल्पामा जम्मा १० जना कर्मचारीहरू कार्यरत रहेका छन्।कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण तथा सेवा प्रदान गर्ने शाखाहरू विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

| क्र.सं. | शाखा | जिम्मेवार व्यक्ति | पद | प्रदान गरिने सेवा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | केशव ज्ञवाली | तथ्याङ्क समन्वय अधिकारी | निर्णय लिने तथा गुनासो सुन्ने। | |
| २ | सहायक कार्यालय प्रमुख | अवधेश कुमार शुक्ला | तथ्याङ्क अधिकृत | सञ्चालित कार्यक्रमहरूको अनुगमन गर्ने। | |
| ३ | प्राविधिक शाखा | लेखनाथ पाण्डेय | सुपरिवेक्षक | माग भए बमोजिमको तथ्याङ्क उपलब्ध गराउने । | |
| | | रामचन्द्र वाग्ले | सुपरिवेक्षक | | |
| | | विष्णु भट्टराई पाण्डेय | सुपरिवेक्षक | | |
| | | श्रीधर न्यौपाने | गणक | | |
| ४ | जिन्सी शाखा | संगिता सुवेदी | खरिदार | जिन्सी व्यवस्थापन गर्ने । | |
| ५ | प्रशासन शाखा | संगिता सुवेदी | खरिदार | चिठी पत्र दर्ता ,चलानी र अन्य प्रशासनिक कार्य गर्ने। | |
| | | श्रीराम भण्डारी | | | |
| | | मिना घिमिरे | का.स. | | |
| | | रमेश कुँवर | का.स. | | |
| ६ | लेखा शाखा | राधाकृष्ण नेपाल | स.ले.पा. | लेखा सम्बन्धि सम्पूर्ण कार्य गर्ने । | |
| ७ | पुस्तकालय शाखा | श्रीधर न्यौपाने | गणक | पुस्तकालय सम्वन्धी कार्य गर्ने। | |

## १.४ नागरिक वडापत्र

तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, प्रकाशन तथा सार्वजनिकीकरण गर्ने, तथ्याङ्कीयको अभिलेख राख्ने, तथ्याङ्कीय साक्षरता तथा चेतना प्रवर्धन गर्ने एवं जिल्ला तथा स्थानीय तहहरूमा तथ्याङ्कीय गतिविधिहरूको समन्वय गर्नु लगायतका कार्यहरू गर्नु तथ्याङ्क समन्वय कार्यालयको प्रमुख जिम्मेवारी रहेको छ।यस कार्यालयले प्रत्यक्ष रुपमा जनताको दैनिक सेवा सुविधा सम्बन्धी कार्य नगरी प्राविधिक प्रकृतिको स्टाफ एजेन्सीको रुपमा काम गर्ने गर्दछ। तथ्याङ्क समन्वय कार्यालय, पाल्पाको नागरिक वडापत्र निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, पाल्पा
# (पाल्पा, गुल्मी, अर्घाखाँची)

फोन नं: ०७५-५२०५१२
ईमेलः scopalpa@nsonepal.gov.np
वेबसाइटः scopalpa.nsonepal.gov.np
फेसबुक पेजः तथ्याङ्क समन्वय कार्यालय पाल्पा

नागरिक वडापत्र

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,०००।-<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।-<br>(ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २. | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।–<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | | |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |
| ६. | सूचनाको हक समबन्धी ऐन २०६४, बमोजिम सार्वजनिक सरोकारको सूचना प्रदान गर्ने | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ बमोजिम निवेदन | तत्काल वा २४ घण्टा भित्र वा १५ दिन भित्र | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ८ बमोजिम | सूचना अधिकारी | |

सूचना अधिकारीः अवधेश कुमार शुक्ला
मोबाइल नंः ९८५७०८२५१२
ईमेलः awadeshshukla7@gmail.com

गुनासो व्यवस्थापन तथा कार्यालय प्रमुखः केशव ज्ञवाली
मोबाइल नंः ९८५७०७८५१२
ईमेलः keshav.gy@gmail.com

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१-५३४५९४६
वेबसाइटः nsonepal.gov.np
ईमेलः info@nsonepal.gov.np

# खण्ड २ जनसांख्यिक विवरण

जनसांख्यिक विवरण भन्नाले कुनै क्षेत्र, देश, समाज वा समूहमा बसोबास गर्ने मानिसहरूको संख्या, संरचना, वितरण, र तिनीहरूको विविध विशेषताहरूको अध्ययन वा विवरण हो। जनसांख्यिक विवरण सामाजिक विज्ञान, जनसंख्या नीति निर्माण, योजना निर्माण, विकास कार्यक्रमको मूल्याङ्कन, तथा आर्थिक विश्लेषणका लागि अत्यन्त महत्वपूर्ण हुन्छ। जनसांख्यिक विवरण कुनै पनि देशको समग्र सामाजिक, आर्थिक, र राजनीतिक योजना निर्माणको मेरुदण्ड हो। यसले नीतिनिर्माताहरूलाई आवश्यक निर्णय लिन, स्रोत साधनको उचित वितरण गर्न, र दिगो विकासको बाटो पहिल्याउन मद्दत पुऱ्याउँछ। सही र अद्यावधिक जनसांख्यिक विवरण विना दीर्घकालीन विकास सम्भव हुँदैन। जनगणना सम्वन्धी सम्पूर्ण तथ्याङ्कहरू www.censusnepal.cbs.gov.np तथा www.nsonepal.gov.np का वेबसाइट बाट अध्ययन गर्न सकिन्छ। यहाँ तथ्यांक समन्वय कार्यालय पाल्पाको कार्यक्षेत्रका तीन जिल्ला पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाका जनसांख्यिक विवरणहरूलाई राष्ट्रिय जनगणना २०६८ र २०७८ बाट छनौट गरी संक्षिप्तमा प्रस्तुत गरिएको छ।

## २.१ पाल्पा जिल्लाको जनसाङ्ख्यकी विवरण

पाल्पाको कुल जनसंख्या २०६८ मा २६१,१८० बाट घटेर २०७८ मा २४५,०२७ पुगेको छ, वार्षिक जनसंख्या वृद्धिदर -०.६१% रहेको छ भने परिवार संख्या भने बढेर ५९,२९१ बाट ६५,०४९ पुगेको छ। औसत परिवार आकार ३.७७ रहेको छ। अधिकांश स्थानीय तहमा महिलाहरूको संख्या पुरुषभन्दा बढी देखिएको छ (औसत लैङ्गिक अनुपात ८५.२५)। तानसेन र रामपुर नगरपालिकाको जनसंख्या वृद्धि भएको देखिन्छ भने निस्दी र पूर्वखोला गाउँपालिकामा जनसंख्या उल्लेखनीय रूपमा घटेको छ। जिल्लाको कुल साक्षरता दर ८३.६७% छ, जसमा पुरुष साक्षरता दर ९०.५१% र महिला साक्षरता दर ७७.९७% रहेको छ। सबैभन्दा बढी साक्षरता र जनघनत्व तानसेन नगरपालिकामा देखिन्छ, जसले शहरी क्षेत्रमा जनसंख्या केन्द्रित भएको संकेत गर्दछ। पाल्पा जिल्लामा कुल जनसंख्या मध्ये पुरुष १,१२,७६१ र महिला १,३२,२६६ रहेका छन्। पाल्पा जिल्ला नेपालको जातीय र सांस्कृतिक रूपमा विविधता भएको जिल्ला हो, यस जिल्लामा सबैभन्दा ठूलो जनसंख्या मगर जातिको (१,२९,९४०) छ, जुन कुल जनसंख्याको झण्डै आधा हिस्सा हो। त्यसपछि ब्राह्मण—पहाडी (३८,२५०), क्षेत्री (१८,८६५) र विश्वकर्मा (१७,०९०) जनसंख्यामा प्रमुख जातिहरू हुन्। अन्य उल्लेखनीय जातिहरूमा नेवार (८,५८२), मिजार (८,०९५), कुमाल (७,१०४), परियार (४,७२१) र ठकुरी (३,७८३) पर्छन्। मुसलमान समुदायको संख्या १,२९७ छ। यहाँ थारु, तामाङ, गुरुङ, राय, याक्थुङ, धानुक, दराई, गाइने, थकाली, सुनुवार, बोटे र अन्य थुप्रै साना जातीय समूहहरू पनि छन्। यस्ता विभिन्न जातजातिको उपस्थिति पाल्पा जिल्लालाई सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले भरिएको क्षेत्र बनाउँछ। धार्मिक आधारमा हेर्दा हिन्दु धर्मावलम्बी सबैभन्दा धेरै २,२३,९४१ छन्। त्यसपछि बौद्ध १३,३१०, इस्लाम १,५१४, किरात ३६, इसाई २,२३९, प्रकृति धर्म ३,९७८, बोन ६, जैन १, बहाई ० र सिख २ जना रहेका छन्। तल प्रस्तुत तालिकाले जनगणना २०६८ र २०७८ अनुसार पाल्पा जिल्लाको जनसाङ्ख्यकी विवरणलाई तलको तालिकामा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

| क.स. | स्थानीय तह | जनगणना २०६८ | | जनगणना २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | साक्षरता दर (प्रतिशतमा) | | |
| | | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| १ | बगनासकाली गा.पा. | ५२७० | २१३६१ | ५११५ | १८४९७ | ८३९६ | १०१०१ | ३.६२ | ८३.१२ | -१.३८ | २२० | ८१.७४ | ९१.०१ | ७४.१८ |
| २ | माथागढी गा.पा. | ५०६६ | २५०१७ | ५८२३ | २४०५३ | १११८४ | १२८६९ | ४.१३ | ८६.९१ | -०.३८ | ११२ | ६३.७६ | ७४.५९ | ५३.९६ |
| ३ | निस्दी गा.पा. | ३८९१ | २२६११ | ४१६५ | १८१२० | ८३४५ | ९७७५ | ४.३५ | ८५.३७ | -२.१२ | ९३ | ७८.५३ | ८५.८२ | ७२.३८ |
| ४ | पुर्वखोला गा.पा. | ४०८५ | १९५८९ | ४१२१ | १६०५२ | ७०९३ | ८९५९ | ३.९० | ७९.१७ | -१.९१ | ११६ | ८१.०३ | ८७.५५ | ७५.९९ |
| ५ | रैनादेवी छहरा गा.पा. | ६००९ | २६४६९ | ६३३० | २३१४९ | १०५११ | १२६३८ | ३.६६ | ८३.१७ | -१.२९ | १३२ | ८२.६० | ८८.९१ | ७७.४७ |
| ६ | रम्भा गा.पा. | ४६२६ | २०१९० | ४६८९ | १७१५५ | ७५२५ | ९६३० | ३.६६ | ७८.१४ | -१.५६ | १८२ | ७८.६८ | ८६.९९ | ७२.३९ |
| ७ | रामपुर न.पा. | ८१३२ | ३५३९६ | ११३६३ | ४०८८३ | १८४९७ | २२३८६ | ३.६० | ८२.६३ | १.३८ | ३३१ | ८४.८७ | ९१.०४ | ७९.९४ |
| ८ | रिब्दीकोट गा.पा. | ४६४७ | १८७७० | ४४०२ | १५४७३ | ७०२६ | ८४४७ | ३.५१ | ८३.१८ | -१.८५ | १२४ | ८०.५८ | ८८.६४ | ७४.१० |
| ९ | तानसेन न.पा. | १३६४६ | ५०४०५ | १४७८२ | ५०७९२ | २३४१४ | २७३७८ | ३.४४ | ८५.५२ | ०.०७ | ४६३ | ८९.०५ | ९४.६२ | ८४.३८ |
| १० | तिनाउ गा.पा. | ३८८८ | १९०८५ | ४२०१ | १७७७७ | ८४५१ | ९३२६ | ४.२३ | ९०.६२ | -०.६८ | ८८ | ८१.९२ | ८९.२८ | ७५.३६ |
| ११ | संस्थागत | ३१ | २२८७ | ५८ | ३०७६ | २३१९ | ७५७ | | | | | ९६.९३ | ९६.८४ | ९७.२१ |
| जम्मा | ५९२९१ | २६११८० | ६५०४९ | २४५०२७ | ११२७६१ | १३२२६६ | ३.७७ | ८५.२५ | -०.६१ | १७८ | ८३.६७ | ९०.५१ | ७७.९७ | ७७.९७ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८*

उपरोक्त तालिकाले पाल्पा जिल्लाको जनसंख्याको विवरण जनगणना २०६८ र २०७८ अनुसार देखाएको छ।

## २.२ गुल्मी जिल्लाको जनसाङ्ख्यकी विवरण

२०६८ मा गुल्मी जिल्लाको कुल जनसंख्या २८०,१६० थियो, जुन २०७८ मा घटेर २४६,४९४ पुगेको छ, जसअनुसार वार्षिक जनसंख्या वृद्धिदर -१.२३% रहेको छ। सबै स्थानीय तहहरूमा जनसंख्या घटेको देखिन्छ, विशेष गरी कालिगण्डकी गाउँपालिकामा सबैभन्दा धेरै(-२.१८%) ले गिरावट आएको छ। रेसुङ्गा नगरपालिकामा सबैभन्दा बढी जनसंख्या (३१,५५१) छ, जबकि सबैभन्दा कम जनसंख्या कालिगण्डकी गाउँपालिकामा (१५,०४४) छ। महिला जनसंख्या अधिकांश स्थानीय तहहरूमा पुरुषभन्दा बढी छ, जसले गर्दा जिल्लाको औसत लैङ्गिक अनुपात ८३.३१ रहेको छ। यो विवरणले गुल्मी जिल्लाको जनसंख्यामा क्रमशः गिरावट आइरहेको देखाउँछ, जसको सम्भावित कारण श्रम आप्रवास र शहरीकरण हुन सक्छ। जिल्लाको औसत परिवार आकार ३.७३ र जनघनत्व औसत २१४.५ प्रति वर्ग किमी रहेको छ। गुल्मी जिल्लाको कुल साक्षरता दर ८०.३४% छ, जसमा पुरुषको साक्षरता दर ८८% र महिलाको साक्षरता दर ७४.११% रहेको छ। गुल्मी जिल्लामा कुल जनसंख्या मध्ये १,१२,०२५ पुरुष र १,३४,४६९ महिला छन्। गुल्मी जिल्ला नेपालको एक जातीय विविधतायुक्त जिल्ला हो। यहाँ सबैभन्दा ठूलो जनसंख्या भएका जातिहरूमा क्षेत्री (५६,१२२), ब्राह्मण-पहाडी (५२,७१९), मगर (५४,९१८)र विश्वकर्मा (३३,१०५) पर्दछन्। अन्य उल्लेखनीय जातिहरूमा परियार (९,३४५), मिजार (१३,२६७), कुमाल (८,९५९) र ठकुरी (२,४८१) छन्। जिल्लामा मुसलमान, थारू, तामाङ, नेवार, गुरुङ, र अन्य थोरै संख्याका जातीय समूहहरू पनि छन्। यसबाट गुल्मी जिल्लामा जातीय र सांस्कृतिक विविधता स्पष्ट देखिन्छ, जहाँ परम्परागत पहाडी जातिहरूको बाहुल्यता रहेको छ। धार्मिक हिसाबले हिन्दु धर्म मान्नेको संख्या अत्याधिक छ (२,३८,०५९ जना)। त्यसपछि बौद्ध ५,३०५, इस्लाम ५४३, किरात १०, इसाई ५०४, प्रकृति धर्म १,४७६ र बोन ५९६ छन्। जैन र बहाई धर्मावलम्बी शून्य छन् भने सिख धर्म मान्ने १ जना मात्रै छन्। तल प्रस्तुत तालिकाले जनगणना २०६८ र २०७८ अनुसार गुल्मी जिल्लाको जनसाङ्ख्यकी विवरणलाई संक्षिप्तमा देखाएको छ।

| क.स. | स्थानीय तह | जनगणना २०६८ | | जनगणना २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवाको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | जम्मा | पुरुष | महिला |
| १ | चन्द्रकोट गा.पा. | ५१२१ | २१८२७ | ५०२९ | १८६६२ | ८४७१ | १०१९१ | ३.७१ | ८३.१२ | -१.५० | १७७ | ७९.६३ | ८७.४७ | ७३.२८ |
| २ | छत्रकोट गा.पा. | ५३१५ | २१४८१ | ५३०७ | १९३५७ | ८६१७ | १०७४० | ३.६५ | ८०.२३ | -१.०० | २२२ | ७९.१९ | ८७.६४ | ७२.६१ |
| ३ | धुर्कोट गा.पा. | ५३०७ | २२४५४ | ५३८२ | १८८१४ | ८३१२ | १०५०२ | ३.५० | ७९.१५ | -१.७० | २१८ | ७८.८४ | ८६.१८ | ७३.१९ |
| ४ | गुल्मीदरबार गा.पा. | ५२६६ | २२०३७ | ५२५३ | १९२९६ | ८४०६ | १०८९० | ३.६७ | ७७.१९ | -१.२७ | २४१ | ८२.१० | ९१.१४ | ७५.३६ |
| ५ | इस्मा गा.पा. | ४७१६ | २०९६४ | ५००९ | १८५२९ | ८४०९ | १०१२० | ३.७० | ८३.०९ | -१.१८ | २२६ | ७४.५७ | ८२.४४ | ६८.२४ |
| ६ | कालिगण्डकी गा.पा. | ४०९८ | १८८७६ | ३७३६ | १५०४४ | ७०७४ | ७९७० | ४.०३ | ८८.७६ | -२.१८ | १४९ | ७९.६७ | ८८.६९ | ७१.८० |
| ७ | मदाने गा.पा. | ४८५७ | २१८९९ | ५२५३ | २००२२ | ८९७३ | ११०४९ | ३.८१ | ८१.२१ | -०.८६ | २१२ | ७७.०२ | ८५.३७ | ७०.३९ |
| ८ | मालिका गा.पा. | ४५५० | २१७२९ | ५२४१ | २००७५ | ९१८८ | १०८८७ | ३.८३ | ८४.३९ | -०.७६ | २१७ | ७७.८९ | ८६.२० | ७०.२१ |
| ९ | मुसिकोट न.पा. | ७०७५ | ३२८०२ | ७०९९ | २८४५४ | १३०९६ | १५३५८ | ४.०१ | ८५.२७ | -१.३६ | २४८ | ८०.६० | ८७.५१ | ७४.८४ |
| १० | रेसुङ्गा न.पा. | ८३५३ | ३२५४८ | ९०१५ | ३१५५१ | १४५५० | १७००१ | ३.५० | ८५.५८ | -०.३० | ३७७ | ८५.३७ | ९१.८० | ८०.०२ |
| ११ | रुरुक्षेत्र गा.पा. | ४७०३ | १८५८१ | ४६०७ | १६५९७ | ७६०७ | ८९९० | ३.६० | ८४.६२ | -१.०८ | २४६ | ८२.७३ | ९०.२६ | ७६.४४ |
| १२ | सत्यवती गा.पा. | ५५२६ | २३८०७ | ५१६९ | १९४७३ | ८७९३ | १०६८० | ३.७७ | ८२.३३ | -१.९३ | १६८ | ८१.८६ | ८९.२१ | ७५.९२ |
| १३ | संस्थागत | ३४ | ११५५ | २५ | ६२० | ५२९ | ९१ | | | | | ९४.५० | ९९.६२ | ६४.४४ |
| | **जम्मा** | ६४९२१ | २८०१६० | ६६१२५ | २४६४९४ | ११२०२५ | १३४४६९ | ३.७३ | ८३.३१ | -१.२३ | २१४.५ | ८०.३४ | ८८ | ७४.११ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र २०७८*

## २.३ अर्घाखाँची जिल्लाको जनसाङ्ख्यकी विवरण

२०६८ मा जिल्लाको कुल जनसंख्या १,९७,६३२ थियो, जुन २०७८ मा घटेर १,७७,०८६ पुगेको छ, जसअनुसार वार्षिक जनसंख्या वृद्धिदर -१.०५% रहेको छ। कुल जनसंख्यामा गिरावट आए पनि परिवार संख्या ४६,८३५ बाट बढेर ४८,४६५ पुगेको छ। अधिकांश स्थानीय तहमा महिला जनसंख्या पुरुषभन्दा बढी रहेको छ र औसत लैङ्गिक अनुपात ८३.६७ छ। सन्धिखर्क नगरपालिका अर्घाखाँचीको एक मात्र स्थानीय तह हो जसमा जनसंख्या वृद्धिदर सकारात्मक (०.३२%) रहेको छ, जबकि अन्य सबै तहहरूमा गिरावट देखिएको छ। जिल्लाको औसत परिवार आकार ३.६५ र औसत जनघनत्व १४८ व्यक्ति प्रति वर्ग किलोमिटर रहेको छ। कुल साक्षरता दर ८०.०५% छ, जसमा पुरुष साक्षरता ८७.७५% र महिला साक्षरता ७३.८०% रहेको छ, जसले जिल्लामा महिला साक्षरता अझै सुधार आवश्यक रहेको संकेत गर्दछ। अर्घाखाँची जिल्लामा कुल जनसंख्या मध्ये पुरुष ८०,६७२ र महिला ९६,४१४ रहेको छ। अर्घाखाँची जिल्ला नेपालको जातीय विविधताले भरिएको जिल्ला हो। सबैभन्दा ठूलो जनसंख्या ब्राह्मण—पहाडी (५१,०२३), क्षेत्री (३२,१३६) र मगर (३४,७३०) जातिको रहेको छ। यसका साथै उल्लेखनीय जातिहरूमा विश्वकर्मा (२१,५१८), मिजार (१२,२१८), कुमाल (७,४९५), परियार (५,६२४), नेवार (५,११०), र ठकुरी (१,१७२) छन्। अन्य साना जनसंख्या भएका जातिहरूमा मुसलमान, गुरुङ, सुनुवार र विभिन्न मधेसी तथा जनजातीय समुदायहरू छन्। जिल्लामा 'अन्य' र 'विदेशी' भनेर छुट्याइएको जनसंख्या क्रमशः ११३ र ७० रहेको छ। यस जिल्लाको जनसंख्यामा पहाडी जातिहरूको प्रचुरता देखिन्छ साथै थोरै भए पनि विभिन्न साना जातजातिहरूको उपस्थिति अर्घाखाँचीलाई जातीय र सांस्कृतिक रूपमा समृद्ध बनाउँछ। धर्मको हिसाबले सबैभन्दा धेरै हिन्दु धर्मावलम्बी १,७४,०३४ छन्। त्यसपछि बौद्ध १,३९०, इस्लाम १,२१३, किरात १, इसाई २९३, प्रकृति धर्म १५४ र बोन १ जना रहेका छन्। जैन, बहाई र सिख धर्म मान्ने कोही छैनन्। तल प्रस्तुत तालिकाले जनगणना २०६८ र २०७८ अनुसार अर्घाखाँची जिल्लाको जनसाङ्ख्यकी विवरणलाई संक्षिप्तमा देखाएको छ।

| क्र.स. | स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | साक्षरता दर (प्रतिशतमा) | | |
| | | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| १ | भुमिकास्थान न.पा. | ७७२७ | ३२६४० | ७७६० | २८१९२ | १२५५२ | १५६४० | ३.६३ | ८०.२६ | -१.४१ | १७७ | ७६.९१ | ८५.१८ | ७०.५४ |
| २ | छत्रदेव गा.पा. | ६३४१ | २५३३५ | ६२२८ | २१६११ | ९४९५ | १२११६ | ३.४७ | ७८.३७ | -१.५३ | २४७ | ७८.७९ | ८७.१६ | ७२.४४ |
| ३ | मालारानी गा.पा. | ६८२४ | २८०४४ | ६७८० | २४१५० | १०७६९ | १३३८१ | ३.५६ | ८०.४८ | -१.४३ | २३९ | ७६.७२ | ८४.२९ | ७०.८२ |
| ४ | पाणिनी गा.पा. | ६१५२ | २६४२४ | ६१६१ | २२२९१ | १०००० | १२२९१ | ३.६२ | ८१.३६ | -१.६३ | १४७ | ७९.८८ | ८७.८९ | ७३.५६ |
| ५ | सन्धिखर्क न.पा. | १०५८१ | ४१०७९ | १२०७० | ४२४९२ | १९४९० | २३००२ | ३.५२ | ८४.७३ | ०.३२ | ३२८ | ८४.५० | ९१.२७ | ७८.९५ |
| ६ | शितगंगा न.पा. | ९२०१ | ४३३७३ | ९४५० | ३७६९१ | १७७४९ | १९९४२ | ३.९९ | ८९.०० | -१.३५ | ६२ | ७९.९८ | ८७.६२ | ७३.३४ |
| ७ | संस्थागत | ९ | ७३७ | १६ | ६५९ | ६१७ | ४२ | | | | | ९७.८६ | ९८.०५ | ९५.०० |
| | **जम्मा** | **४६८३५** | **१९७६३२** | **४८४६५** | **१७७०८६** | **८०६७२** | **९६४१४** | **३.६५** | **८३.६७** | **-१.०५** | **१४८** | **८०.०५** | **८७.७५** | **७३.८०** |

*स्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८*

उपरोक्त तालिकाले अर्घाखाँची जिल्लाको जनसंख्याको विवरण जनगणना २०६८ र २०७८ अनुसार देखाएको छ।

# खण्ड ३ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

कुनै पनि सरकारी वा निजी कार्यालय, संस्था वा निकायको कार्य सफलतापूर्वक सञ्चालन गर्न योजनाबद्ध ढंगले कार्य गर्नु अत्यन्त आवश्यक हुन्छ। त्यसका लागि वार्षिक कार्यक्रम बनाइन्छ र कार्यान्वयनको गुणस्तर सुनिश्चित गर्न अनुगमन तथा सुपरिवेक्षण (Monitoring and Supervision) गरिन्छ। वार्षिक कार्यक्रम भन्नाले कार्यालय वा संस्थाले एक आर्थिक वर्षभित्र सञ्चालन गर्न लागेको योजना, गतिविधि, र कार्यहरूको स्पष्ट रूपरेखा हो। यसमा बजेट, कार्यसमय तालिका, जिम्मेवार निकाय र अपेक्षित नतिजा उल्लेख हुन्छ। वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण कार्यालयको कार्यदक्षता, पारदर्शिता र परिणाममुखी कार्यान्वयनका आधारशिला हुन्। योजना तर्जुमा बिना कार्य अलमल हुन्छ भने अनुगमन र सुपरिवेक्षण बिना कार्यको प्रभावकारिता घट्छ। तसर्थ, योजनाबद्ध कार्यान्वयनसहित नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न सकेमा सेवा प्रवाहमा गुणात्मक सुधार सम्भव हुन्छ।

## ३.१ कार्यालयका नियमित कामहरू

कुनै पनि कार्यालयको दैनिक सञ्चालनका लागि निश्चित प्रकृतिका कामहरू बारम्बार र निरन्तर रूपमा गरिन्छ, जसलाई नियमित कामहरू (Regular Office Works) भनिन्छ। यस्ता कामहरूले कार्यालय सञ्चालनलाई स्थायित्व दिन्छ र सेवा प्रवाहलाई सहज बनाउँछ। कार्यालयका नियमित कामहरू कार्यालयको दिनचर्याको अभिन्न हिस्सा हुन्। यस्ता कामहरू कुशलतापूर्वक सञ्चालन भएमा कार्यालयको कार्यदक्षता, सेवा प्रवाहको गुणस्तर र कर्मचारीको कार्य सन्तुष्टि उच्च हुन्छ। तसर्थ, यी कामहरू व्यवस्थित, उत्तरदायी र पारदर्शी ढंगले गर्न आवश्यक हुन्छ।

### ३.१.१ राष्ट्रिय लेखा तथ्याङ्क

साविकको केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय) ले नियमित रुपमा कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product- GDP) कुल राष्ट्रिय आय(Gross National Income- GNI) लगायत देशको समग्र राष्ट्रिय लेखा प्रतिबेदन प्रकाशन गर्दै आइरहेको छ । राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरूका साथै अन्य विभिन्न श्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक र वार्षिक गरी दुई तरिकाले राष्ट्रिय लेखा अनुमान गर्ने गर्दछ ।

**त्रैमासिक राष्ट्रिय लेखाः** त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरू नियमित रुपमा संकलन गरी तोकिएको समयमा रा.त.का.मा online data entry गरेर पठाउने गरिन्छ । राष्ट्रिय लेखा अनुमानका लागि रा.त.का.ले निर्दिष्ट गरे बमोजिमका विभिन्न क्षेत्रबाट विवरण संकलन गरिने गरिन्छ जुन निम्नानुसार छन् ।

- क. कृषि तथा वन
- ख. पशुपंक्षी
- ग. तारे होटल
- घ. होटल तथा रेस्टुरेन्ट
- ङ. खानेपानी उपभोक्ता समिती
- च. सवारी साधन विवरण

**बार्षिक राष्ट्रिय लेखाः** बार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला स्तरका विभिन्न क्षेत्रका जस्तै सामुदायिक वन, भवन तथा सडक निर्माण, खानी तथा उत्खनन्, एफ.एम. रेडियो, टेलिभिजन, सहकारी संस्था आदी जस्ता क्षेत्रबाट तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा online data entry गरी पठाउने गरिन्छ ।

### ३.१.२ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

निर्माण क्षेत्रमा प्रयोग हुने निर्माण सामग्रीहरूको खुद्रा मुल्य तथा ज्यालादरमा हुने परिवर्तनको जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो । निर्माण सामग्रीहरूको मूल्य सूचकांक (Price Index Of Construction Materials) र निर्माण क्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांकको रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको थियो । निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क समन्वय कार्यालयले प्रत्येक त्रैमासिकमा नियमित रुपमा निर्माण सामाग्रीहरूको खुद्रा मूल्य तथा निर्माणजन्य काममा संलग्न कामदार कामदारहरूको ज्यालादर सम्बन्धी विवरणहरू संकलन गरी तोकिएको समयमा राष्ट्रिय तथ्याङ्क कार्यालयमा डिजिटल कपि पठाउने गरिन्छ ।मूल्य संकलनका लागि २४ किसिमका सामग्रीहरू तथा ८ किसिमका कामदारहरूको ज्यालादर संकलन गरिन्छ ।

### ३.१.३ कृषिजन्य वस्तुहरूको स्थलगत मूल्य सूचकांक तथ्याङ्क संकलन

नेपाल कृषि प्रधान देश भएको कारणले यस क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा पुर्याएको योगदान महत्वपूर्ण रहेको छ ।कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरूको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक देखिन्छ । कृषि वस्तुहरूको उत्पादनको मुल्यले राष्ट्रिय आयको अनुमान, बजार माग र आपूर्तिको व्यवस्थापन, कृषि क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मुल्यांकन गर्न पनि कृषि अपरिहार्य योगदान पुर्याएको देखिन्छ । तथ्याङ्क समन्वय कार्यालयहरूबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरूको मूल्य त्रैमासिक रुपमा संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा डिजीटल कपी पठाउने गरिन्छ । कृषि सम्बन्धी तथ्याङ्क संकलन गर्नका लागि यस कार्यालयले पाल्पा जिल्लाका विभिन्न पालिकाहरूमा रहेका ५ अगुवा कृषकहरूको छनोट गरेको छ । छानिएका कृषकहरूबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा प्रत्येक महिनाको उत्पादित वस्तुहरूको स्थलगत मूल्य संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ ।

### ३.१.४ राष्ट्रिय तथ्यगत विवरण (NDP)

नेपालको संविधानले विकेन्द्रीकरणको मूल मर्मलाई आत्मसात गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मान्यता अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको समन्वयात्मक साझेदारीमा आधारित संघीयतालाई अवलम्बन गरेको छ । तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न समाज र जनता सम्बन्धी आधारभूत तथ्याङ्कहरूको आवश्यकता हेर्ने र यस्ता तथ्याङ्कहरूको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतः तीनवटै तहमा रहेको छ । पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ । नीति निर्माण, योजना तर्जुमा, अनुगमन र मूल्यांकनका लागि राज्यका सबै तहले तथ्याङ्क को अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकारदेखी संघीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वान्छनीय देखिन्छ । यस सन्दर्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने महत्वपूर्ण नीतिबमोजिम "राष्ट्रिय तथ्यगत विवरण" कार्यक्रम शुरु गरिएको छ । यो कार्यक्रम अन्तर्गत आ.व.२०८२/८३ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकहरूमा सरोकारवाला व्यक्तिसंगको प्रत्यक्ष भेटघाट तथा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी अधिकांश पालिकाहरूलाई तथ्याङ्क पोर्टलमा सम्बन्धित प्रविष्टी गर्न लगाइएको थियो ।

### ३.१.५ स्थानीय तहहरूको वस्तुगत विवरण प्रकाशन

खण्डीकृत तथ्याङ्क समय सान्दर्भिक माग हो । तथ्यसम्मत निर्णय निर्माण प्रक्रियालाई संघीय देखी स्थानीय तह सम्मका राजनैतिक तथा प्रशासनिक नेतृत्वले वकालत गरिरहेको अवस्थामा समसामयिक, भरपर्दो र खण्डीकृत तथ्याङ्कको नियमित आपूर्ति एक चुनौतीका रुपमा उभिएको छ । गणना तथा सर्वेक्षण निश्चित अन्तरालमा मात्र हुने र प्रशासनिक अभिलेखहरूको न्यून प्रशोधन एवम् उपयोग हुने गरेको अवस्थामा प्रत्येक वर्ष जिल्ला वा स्थानीयस्तरको वस्तुगत विवरण तयार गर्नु तत्काल सम्भव देखिन्न । जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयहरूले विगतमा पनि आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरूको जिल्ला वस्तुगत विवरणहरू प्रकाशन गरेको तथ्य यहाँ स्मरणीय छ । हाल कतिपय स्थानीय तहहरूले पनि संबिधान प्रदत्त अधिकारको प्रयोग गर्दै तथ्याङ्क उत्पादन र त्यसको अधिकतम प्रयोगतर्फ अग्रसरता देखाईरहेको पाइन्छ । केहि वर्ष अगाडी नेपाल सरकारले राष्ट्रिय तथ्यगत विवरणको अवधारणा अगाडी सारेको प्रसङ्ग यहाँ स्मरणीय छ । राष्ट्रिय तथ्यगत विवरण पूर्ण कार्यान्वयन भएको अवस्थामा स्थानीय तह सम्मको डिजिटल प्रोफाइल उपलब्ध हुने सम्भावना पनि हामीसँग छदै छ । संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता र स्वामित्व प्राप्त हुन सक्यो भने राष्ट्रिय तथ्यगत विवरण कार्यक्रममार्फत् प्रदेश, जिल्ला र स्थानीयस्तरका डिजिटल प्रोफाइल पनि प्रयोगकर्ताहरूका लागि उपलब्ध हुनसक्ने देखिन्छ ।यस कार्यालयको आ.व. २०८१/८२ को स्विकृत कार्यक्रम बमोजिम यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका दुई स्थानीय तहको प्रोफाइल तयार पार्नुपर्नेमा सो बमोजिम दुई वटै स्थानीय तह( रुरुक्षेत्र गा.प. र रामपुर न. पा.) को पालिका प्रोफाइल (विद्धुतीय प्रति) तयार गरिएको छ ।

## ३.२ विभिन्न सर्वेक्षणहरू

आर्थिक बर्ष २०८१/८२ मा यो कार्यालय मार्फत निम्नानुसारका सर्वेक्षणहरू संचालन गरिएको थियो ।

### ३.२.१ व्यावसायिक तरकारी बाली (Commercial vegetable Survey) सर्वेक्षण २०८२

व्यावसायिक तरकारी बालीले राष्ट्रिय आयमा पुर्याएको योगदान अनुमान गर्नका साथै नीतिनिर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र अध्ययन/अनुसन्धानका लागि सरोकारवालालाई व्यावसायिक तरकारी बाली क्षेत्रको तथ्याङ्क उपलब्ध गराउने उदेश्यका साथ आ.व. २०८२/८३ मा यो सर्वेक्षण देशव्यापी रुपमा संचालन गरिएको थियो ।यस क्षेत्रमा भएको सालबसाली खर्च, रोजगारीको अवस्था, उत्पादित बस्तुको उपयोग तथा यस क्षेत्रमा भएका समस्या र चुनौतीको बारेमा अध्ययन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय पाल्पाले आफ्नो कार्यक्षेत्रमा रहेका ३७ वटा नमूना छनोट भएका फर्महरूबाट तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.२.२ नेपाल स्थल यातायात सर्वेक्षण २०८२

राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८२/८३ को कार्यसूची अनुसार स्थल यातायात सेवा प्रदान गर्ने प्रतिष्ठान मध्ये छनोटमा परेका यस कार्यालयको कार्यक्षेत्र भित्रका जम्मा ७८ वटा प्रतिष्ठानहरूबाट तथ्याङ्क संकलनको कार्य सम्पन्न गरिएको थियो ।

### ३.२.३ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण २०८२

यस कार्यालयको कार्यक्षेत्र भित्र नमूना छनोटमा परेका निजि तथा सामुदायिक स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिष्ठानहरुबाट जम्मा ४० वटा प्रतिष्ठानबाट तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको थियो ।

### ३.२.४ आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षण

नेपालको सिमाना भित्र भ्रमणको शिलशिलामा गरेको खर्च अनुमान गर्ने एवम् अर्थतन्त्रमा आन्तरिक पर्यटनको योगदानको अनुमान गर्ने उद्देश्यका साथ आ.व. २०८२/८३ मा आन्तरिक पर्यटन सर्वेक्षणको फिल्ड कार्यको संचालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय पाल्पाको कार्यक्षेत्र भित्रका जिल्लाहरूका ०३ वटा नमूना छनोट भएका प्रारम्भिक नमूना एकाइहरूबाट तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.३ गोष्ठी तथा समीक्षा

प्रमाणमा आधारित निर्णय प्रक्रियाको एउटा अभिन्न अङ्गको रुपमा तथ्याङ्क वा सूचनालाई लिने गरिन्छ । तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ । राष्ट्रिय आयको वृद्धि र नीति, योजना निर्माणका लागि आवश्यक तथ्याङ्कको संकलन (गणना तथा सर्वेक्षण) प्रक्रियाको बारेमा समीक्षा गर्नु पनि निकै महत्वपूर्ण देखिन्छ । यसै कुरालाई मनन् गरी आ.व. २०८२/८३ मा यस कार्यालयको विनियोजित बजेट तथा कार्यक्रम अनुसार तथ्याङ्कीय साक्षरता कार्यक्रम, गोष्ठी तथा विभिन्न कार्यक्रमसंग सम्बन्धित अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन गर्नु पर्नेमा यस कार्यालयबाट ३ वटा (तानसेन,रामपुर-पाल्पा जिल्ला र सन्धिखर्क-अर्घाखाँची जिल्ला) मा कार्यक्रम सम्पन्न गरियो ।

## ३.४ कार्यक्रम/ क्रियाकलाप संचालन कार्ययोजना

आ.व. २०८२/८३ मा यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि निम्नानुसारको कार्ययोजना तय गरिएको थियो।

तालिका ३.४.१ आ.व. २०८२/८३ को कार्ययोजना

| सि.नं. | क्रियाकलाप | कार्य संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन | साउन, कार्तिक, माघ, वैशाख |
| २ | वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन | फाल्गुण |
| ३ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँ समेत) तथा सुपरिवेक्षण कार्य | भाद्र, मंसिर, फाल्गुण, जेष्ठ |
| ४ | कृषि तथ्याङ्क संकलन एवम् संकलनमा सहजीकरणको लागि अगुवा किसानलाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | असोज, पुस, चैत्र, असार |
| ५ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | साउन देखि असार |
| ६ | नेपाल स्थल यातायात सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | साउन देखि असार |
| ७ | स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | साउन देखि असार |
| ८ | आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | साउन देखि असोज |
| ९ | तथ्याङ्क समन्वय कार्यालय मार्फत् स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यन्वयनको अनुगमन | साउन देखि असार |
| १० | गणना तथा सर्वेक्षणहरूसँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल | माघ, असार |

| सि.नं. | क्रियाकलाप | कार्य संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| ११ | तथ्याङ्क समन्वय कार्यालय मार्फत् स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यन्वयन सम्बन्धी समीक्षा गोष्ठी (यातायात खर्च समेत) | भाद्र, मंसिर, फाल्गुण, बैशाख |
| १२ | वार्षिक प्रगति प्रतिवेदन २०८२ | साउन |
| १३ | स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | असोज, मंसिर, वैशाख, जेष्ठ |
| १४ | पालिका प्रोफाइल तयारीका लागि तथ्याङ्क संकलन, तथ्याङ्क प्रविष्टी, सुपरिवेक्षण तथा छपाई | भाद्र देखि जेष्ठ |

## ३.५ सम्पन्न गरिएका क्रियाकलापहरू

न्यून जनशक्ति एवम् समय सीमाका वाबजुत आ.व. २०८२/८३ मा यस कार्यालयले संचालन गर्नुपर्ने अधिकांश क्रियाकलापहरू सम्पन्न भएका छन् ।कार्यालयलाई प्राप्त स्रोतसाधन तथा जनशक्तिको उच्चतम प्रयोग गरी सम्पन्न गरिएका क्रियाकलापहरूका विवरण निम्नानुसार छन् ।

तालिका ३.५.१ आ.व.२०८२/८३ मा सम्पादन गरिएका क्रियाकलापहरू

| सि.नं. | क्रियाकलाप | एकाई | लक्षित परिमाण | सम्पन्न परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन | पटक | १२ | १२ | |
| २ | वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन | पटक | ४ | ४ | |
| ३ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँ समेत) तथा सुपरिवेक्षण कार्य | पटक | ४ | ४ | |
| ४ | कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसानलाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | पटक | ४ | ४ | |
| ५ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | संख्या | ३७ | ३७ | |
| ६ | नेपाल स्थल यातायात सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | संख्या | ७८ | ७८ | |
| ७ | स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | संख्या | ४० | ४० | |
| ८ | आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षणको सूचीकरण तथा मुख्य फिल्ड कार्य | PSU | ३ | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | तथ्याङ्क समन्वय कार्यालय मार्फत् स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यन्वयनको अनुगमन | पटक | १६ | १६ | |
| १० | गणना तथा सर्वेक्षणहरूसँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल | पटक | १ | ० | |
| ११ | तथ्याङ्क समन्वय कार्यालय मार्फत् स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यन्वयन सम्बन्धी समीक्षा गोष्ठी (यातायात खर्च समेत) | पटक | १ | ० | |
| १२ | वार्षिक प्रगति प्रतिवेदन २०८२ | वटा | १ | १ | |
| १३ | स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि  कार्यक्रम संचालन | वटा | ५ | ३ | |
| १४ | पालिका प्रोफाइल तयारीका लागि तथ्याङ्क संकलन, तथ्याङ्क प्रविष्टी, सुपरिवेक्षण तथा छपाई | वटा | २ | २ | |
| १५ | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | जना | ५ | ५ | |
| १६ | अनुगमन, मुल्यांकन र भ्रमण | पटक | १२ | १२ | |

# खण्ड ४ कार्यालयको आर्थिक प्रशासन सम्बन्धी विवरण

अर्थ मन्त्रालयको बजेट सिमा तथा मार्गदर्शन परिपत्रको अधिनमा रहि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट यस कार्यालयका लागि भनि आ.व. २०८२/८३ मा विनियोजित वार्षिक बजेटको परिधभित्र रहि विभिन्न शिर्षक तथा उपशिर्षकमा खर्च गर्न पाउने गरि विनियोजित चालु, पुजीँगत तथा कार्यक्रगत बजेट तत् तत् शिर्षकहरुबाट खर्च गरी कार्यालयको सञ्चालन तथा व्यवस्थापन गर्दै निर्धारित अधिकाशं कार्यक्रमहरू समयमै सम्पन्न गरियो । त्यस्तै कार्यालयको आवश्यक रुपाङ्कन तथा सजावटका साथै कार्यालयलाई थप चुस्त तथा दुरुस्त बनाउनका लागि आवश्यक सर-समान पुँजीगत शिर्षकअन्तर्गत दायित्व सिर्जना हुने गरि खरिद गरियो । र कर्मचारीको तलब भत्ताको ब्यवस्था तोकिएका वजेट शिर्षक अन्तर्गत रहि कर्मचारीको संगठन संरचनाअनुसार भूक्तानी गरी आर्थिक गतिबिधि सञ्चालन गरियो । त्यस्तै गत आ.व.का आर्थिक गतिविधिको नियमितता परिक्षणका लागि आन्तरिक लेखापरिक्षण गरी देखिन आएका त्रुटी तथा कमिकमजोरीहरूको विधिसम्मत तरिकाले सुधार गरी अन्तिम लेखापरिक्षणका लागि आधार तयार गरियो । यस कार्यालयको कुल बजेटको करिब ७७.१ प्रतिशत भौतिक प्रगती र ७१ प्रतिशत वित्तिय प्रगती भएको देखिन्छ । आ.व. २०८२/८३ मा यस कार्यालयलाई विनियोजन भएको वार्षिक बजेट र खर्च भइसकेपछि विविध कारणवस रहन आएको बाँकी बजेटको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | खर्च रकम | बाँकी बजेट | भौतिक प्रगति | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| **चालु खर्चका शिर्षकहरु** | | | | | | |
| 1.1.1.4रा.प. द्वितीय | ९२३,०००.०० | ९२३,०००.०० | ०.०० | १००.० | १०० | |
| 1.1.1.5रा.प. तृतीय | ८२८,०००.०० | ७४४,२०३.०० | ८३,७९७.०० | १००.० | ८९.८७ | |
| 1.1.1.6रा.प.अनं. प्रथम | २,०७१,०००.०० | १,६३४,७६७.०० | ४३६,२३३.०० | १००.० | ७८.९३ | |
| 1.1.1.7रा.प.अनं.द्वितीय | ३,९२५,०००.०० | २,०६६,२५५.४० | १,८५८,७४४.६० | १००.० | ५२.६४ | |
| 1.3.1.1निजामती कर्मचारीहरुको पोशाक खर्च | ११०,०००.०० | ९०,०००.०० | २०,०००.०० | १००.० | ८१.८१ | |
| 1.2.2.1स्थायी कर्मचारीको महंगी भत्ता | ५०२,६३०.०० | ५०२,६३०.०० | ०.०० | १००.० | १०० | |
| 1.2.10.1पाले पहरा भत्ता | २८,०००.०० | २२,०००.०० | ६,०००.०० | १००.० | ७८.५७ | |
| 1.2.10.2दशै तिहार जस्ता पर्वहरुमा पाले पहरा भत्ता | ३,०००.०० | २,२००.०० | ८००.०० | १००.० | ७३.३३ | |
| 1.2.8.1प्रसुती स्याहार भत्ता | २०,०००.०० | ०.०० | २०,०००.०० | ० | ० | |
| 1.2.9.3बैठक भत्ता | १५,०००.०० | ९,०००.०० | ६,०००.०० | १००.० | ६० | |
| 1.6.2.1कर्मचारीको योगदानमा आधारित निवृतभरण खर्च | ३२६,०००.०० | २३,४०६.३६ | ३०२,५९३.६४ | १००.० | ७.१७ | |
| 1.6.4.1कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | ६३,०००.०० | ३५,४१०.०० | २७,५९०.०० | १००.० | ५६.२० | |
| 2.1.2.9विधुत महशुल | ८०,०००.०० | ८०,०००.०० | ०.०० | १००.० | १०० | |
| 2.1.3.1जारको पिउने पानी | ८०,०००.०० | ७९,९४०.०० | ६०.०० | १००.० | ९९.९२ | |
| 2.1.6.7टेलिफोन महसुल | ६०,०००.०० | ६०,०००.०० | ०.०० | १००.० | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.1.7.11इमेल/इन्टरनेट/वेवसाइट महसुल | ३२,०००.०० | ३१,६००.०० | ४००.०० | १००.० | ९८.७५ | |
| **खर्च/वित्तीय संकेत नम्बर / नाम** | **अन्तिम बजेट** | **खर्च रकम** | **बाँकी बजेट** | **भौतिक प्रगति** | **वित्तिय प्रगति** | **कैफियत** |
| 2.1.9.1हुलाक/कुरियर खर्च | ३६,०००.०० | ३,१४०.०० | ३२,८६०.०० | १००.० | ८.७२ | |
| 2.2.2.38कार्यालय प्रयोजनार्थ दुई पांग्रे / चार पांग्रे सवारी साधनको लागि इन्धन | ७५,०००.०० | ६७,६१९.०० | ७,३८१.०० | १००.० | ९०.१५ | |
| २.२.२.४ मोबिल | ४४,०००.०० | ० | ४४,००० | १००.० | ० | |
| 2.3.1.9 सवारी साधन मरम्मत तथा सर्विसिंग | ७२००० | ४६४४५ | २५५५५ | १०० | ६४.५० | |
| 2.9.2.13सवारी साधन वीमा नविकरण | ३०,०००.०० | १५,८३७.०० | १४,१६३.०० | १००.० | ५२.७९ | |
| 2.3.2.21मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८०,०००.०० | ५८,८५०.०० | २१,१५०.०० | १००.० | ७३.५६ | |
| 2.4.1.91मसलन्द तथा कार्यालय सामाग्री | २५६,०००.०० | २५५,०८१.०० | ९१९.०० | १००.० | ९९.६४ | |
| 2.5.7.22कार्यालय सहयोगी | ५९३,०००.०० | ५६८,१४६.०० | २४,८५४.०० | १००.० | ९५.८० | |
| 2.5.7.25शौचालय सरसफाइ गर्ने व्यक्ति करार | ६०,०००.०० | ६०,०००.०० | ०.०० | १००.० | १०० | |
| 2.5.7.6करार सेवाका कर्मचारीका लागि पोशाक खर्च | २०,०००.०० | २०,०००.०० | ०.०० | १००.० | १०० | |
| 2.5.8.4हलुका सवारी चालक | १६६,०००.०० | ०.०० | १६६,०००.०० | ० | ० | |
| 2.5.8.7करारका कर्मचारीको लागि चाडवाड खर्च | ५०,०००.०० | ४९,४०४.०० | ५९६.०० | १००.० | ९८.८० | |
| 2.6.6.18तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम | ५७,०००.०० | ०.०० | ५७,०००.०० | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.7.25.836निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | ८१,०००.०० | ७६,५००.०० | ४,५००.०० | १००.० | ९४.४४ | |
| 2.7.25.837कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | ७२,०००.०० | ७१,२००.०० | ८००.०० | १०० | ९८.८८ | |
| 2.7.25.838कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च | २७,०००.०० | २७,०००.०० | ०.०० | १०० | १०० | |
| 2.7.25.839त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षण | १६१,०००.०० | १५३,०५०.०० | ७,९५०.०० | १००.० | ९५.०६ | |
| 2.7.25.840वार्षिक राष्ट्रिय लेखा तथ्यांक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण | १४९,०००.०० | १४८,९००.०० | १००.०० | १००.० | ९९.९३ | |
| 2.7.25.844सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | १८२,०००.०० | १८१,८००.०० | २००.०० | १००.० | ९९.८९ | |
| 2.7.25.845स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति | २२१,०००.०० | ०.०० | २२१,०००.०० | ० | ० | |
| 2.7.25.846मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | ३२०,०००.०० | २६३,८००.०० | ५६,२००.०० | १००.० | ८२.४३ | |
| 2.7.25.856तथ्याङ्क सङ्कलन अनुगमन तथा सुपरिवक्षेण | १०१,०००.०० | १००,९००.०० | १००.०० | १००.० | ९९.९० | |
| 2.7.25.858आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण | ३६,०००.०० | ०.०० | ३६,०००.०० | ० | ० | |
| 2.7.25.859तथ्याङ्क दिवस मनाउने | ४५,०००.०० | ४५,०००.०० | ०.०० | १०० | १०० | |
| 2.7.25.860वार्षिक प्रगति प्रतिवेदन (विद्धुतीय प्रति) तयारी छलफल | ४५,०००.०० | १२,०००.०० | ३३,०००.०० | १००.० | २६.६६ | |
| 2.7.25.910स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | २७०,०००.०० | १८०,९००.०० | ८९,१००.०० | ६० | ६७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.7.25.912पालिका प्रोफाइल (विद्धुतीय प्रति) तयारीको लागि तथ्याङ्क सङ्कलन र सुपरिवेक्षण | १८०,०००.०० | १७७,९००.०० | २,१००.०० | १०० | ९८.८३ | |
| 2.7.25.913तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य) | ९,०००.०० | ०.०० | ९००० | ० | ० | |
| 2.8.1.131स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | ७४,०००.०० | ४८,०००.०० | २६,०००.०० | १०० | ६४.९ | |
| 2.8.1.7अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | २३२,०००.०० | २३१,८५१.०० | १४९.०० | १०० | ९९.९३ | |
| 2.8.2.13कर्मचारी सरुवा भम्रण खर्च | ८०,०००.०० | ५०,५५०.०० | २९,४५०.०० | १००.० | ६३.१८ | |
| 2.9.8.7स्वागत तथा अतिथि सत्कार (अन्य) | ८०,०००.०० | ७९,७५५.०० | २४५.०० | १००.० | ९९.६९ | |
| 2.9.9.42अन्य विविध खर्च | ९०,०००.०० | ८९,८२०.०० | १८०.०० | १००.० | ९९.८ | |
| **जम्मा** | १३,०६०,६३०.०० | ९,३८७,८५९.७६ | ३,६७२,७७०.२४ | | ७१.८७ | |
| **पुजिगत खर्चका शिर्षकहरु** | | | | | | |
| 11.3.2.54दुइ पांग्रे सवारी साधन खरिद | ४००,०००.०० | ३६४,८९९.६० | ३५१००.४० | १००.० | ९१.२ | |
| 11.3.22.63कार्यालय सञ्चालनका लागि आवश्यक मेशिनरी खरिद (एसी कुलर इन्भर्टर पंखा आदी) | ९२,०००.०० | ९२,०००.०० | ० | १००.० | १००.० | |
| 11.6.13.58कार्यलयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | ४६,०००.०० | ४५,२००.०० | ८०० | १००.० | ९८.३ | |
| 11.1.3.2कार्यालय भवन रंगरोगन, मर्मत, पार्टेशन, वायरिङ तथा सुधार | ३००,०००.०० | ०.०० | ३००,००० | ० | ०.० | |
| **जम्मा** | ८३८,००० | ५०२,०९९.६० | ३,३५,९००.४० | | ५९.९ | |
| **जम्मा** | १३,८९८,६३० | ९,८८९,९५९.३६ | ४,००८,६७०.६४ | | ७१.२ | |

# खण्ड ५ कार्यालयको भौतिक अवस्था

कार्यालय कुनै पनि संस्था, संगठन वा निकायको मूल सञ्चालन केन्द्र हो, जहाँ प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू सम्पादन गरिन्छ। यस्तो कार्य सम्पादनका लागि आवश्यक पर्ने साधन, स्रोत तथा संरचनाहरूलाई भौतिक पूर्वाधार भनिन्छ। भौतिक पूर्वाधारहरूले कार्यालय सञ्चालनलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउँछन्। कार्यालयको भौतिक पूर्वाधारहरूले कार्य कुशलता, समय बचत, कर्मचारी सन्तुष्टि तथा सेवा गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्दछ। आधुनिक, व्यवस्थित र पुर्ण पुर्वाधारयुक्त कार्यालयले संस्था/निकायको समग्र कार्यदक्षता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दछ। त्यसैले, कुनै पनि कार्यालय सञ्चालन गर्दा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्नु अत्यावश्यक छ।

## ५.१ जग्गा तथा भवन

शहरी विकास तथा निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देही बाट सम्पन्न भई मिति २०७९/०५/०१ मा हस्तान्तरण भई साविकको तथ्याङ्क कार्यालय, पाल्पा (हाल तथ्याङ्क समन्वय कार्यालय, पाल्पा) को नाममा ३ तलाको भवन प्राप्त भएको छ। जसको भुई तला र पहिलो तला पार्टिसन भएको छ । उक्त भवन भएको जग्गाको जग्गाधनी श्री अमरनारायण गुठी र मोही श्री शहरी विकास तथा भवन निर्माण विभाग (डिभिजन कार्यालय पाल्पा (हाल शहरी विकास तथा निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही) रहेको छ ।आ.व. २०८१/०८२ को विनियोजित बजेट अनुसार भवनको पहिलो तला पार्टिसन भएको तर यस आ.व. २०८२/८३ मा ३००००० मात्र बजेट विनियोजन भएका कारणले भवनको दोस्रो तल्ला पार्टिसन गर्न नसकिएको र हाल जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम उक्त दोस्रो तल्लामा सघन शहरी तथा भवन निर्माण आयोजनाको कार्यालयले पार्टिसन गरी अस्थायी रुपले कार्यालय संचालनार्थ प्रयोग गर्दै आएको छ ।

## ५.२ कार्यालयको जिन्सी विवरण

यस कार्यालयमा रहेका तपशिल बमोजिमका जिन्सी सामानहरू रहेका छन ।जस मध्ये केही काम नलाग्ने भई लिलामी गर्नुपर्ने अवस्थामा रहेका छन । जिन्सी सामानहरूको संक्षिप्त विवरण निम्नानुसार तालिकामा दिइएको छ।

तालिका:कार्यालयको जिन्सी विवरण -

| क.स. | जिन्सी तथा मालसामान | एकाई | चालु अवस्थामा | |
|---|---|---|---|---|
| | | संख्या | रहेको | नरहेको |
| १ | मोटरसाईकल | ३ | २ | १ |
| २ | डेस्कटप कम्प्युटर | ७ | ४ | ३ |
| ३ | ल्यापटप | १० | ७ | ३ |
| ४ | प्रिन्टर | ९ | ५ | ४ |
| ५ | प्रोजेक्टर | १ | १ | ० |
| ६ | बुकर्याक | ३ | ३ | ० |
| ७ | पलङ्ग/लोबेड | ९ | ६ | ३ |
| ८ | टि टेबल | ९ | ४ | ५ |
| ९ | टेबल | २८ | १३ | १५ |
| १० | स्टिल दराज | १५ | १० | ५ |

| | | | | |
|---|---|---|---|---|
| ११ | काठको दराज | ३ | ० | ३ |
| १२ | कम्प्युटर टेबल | २ | १ | १ |
| १३ | सोफा सेट | ७ | ३ | ४ |
| १४ | रिभल्वभिङ चेयर | ११ | ९ | २ |
| १५ | अन्य कुर्चीे | ३५ | ६ | २९ |
| १६ | ग्यास सिलिन्डर | ३ | ३ | ० |
| १७ | वाटर डिस्पेन्सर | १ | १ | ० |
| १८ | सुचना बोर्ड | ३ | ३ | ० |
| १९ | टेलिफोन सेट | ३ | २ | १ |
| २० | सिलिङ्ग पंखा | ५ | ५ | ० |
| २१ | प्याक्स मेसिन | २ | ० | २ |
| २२ | भ्याकुम क्लिनर | १ | १ | ० |
| २३ | यु.पि.एस. | ३ | ० | ३ |
| २४ | ए.सी. | ३ | ३ | ० |
| २५ | रेफ्रिजेरेटर | १ | १ | ० |
| २६ | स्ट्याण्ड पंखा | ३ | १ | २ |
| **कुल जम्मा** | | **१८०** | **९४** | **८६** |

*स्रोतः-तथ्याङ्क समन्वय कार्यालय,पाल्पा*

# खण्ड ६ सूचना तथा प्रविधिको अवस्था

विश्व जगतमा प्राविधिक ज्ञान सिप तथा सूचना प्रविधिको विकासले फड्को मार्दै जाँदा विश्वव्यापीकरणको वर्तमान सन्दर्भ र समाजको आवश्यकता र माग अनुरुप नेपाल पनि आफूलाई क्रमिक रुपले सोही सापेक्षमा समाहित गर्दै गएको वर्तमान अवस्था छ। सोही सन्दर्भको उपजका रुपमा सूचना प्रविधिको नतिजामुखी प्रयोगका लागि सुशासन ऐन, विद्युतीय कारोवार ऐन, ब्रोडव्याण्ड निति, सूचना तथा सञ्चार प्रविधि निति जस्ता क्षेत्रगत नीतिहरू तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । त्यस्तै सूचना प्रविधिको वस्तुनिष्ठ प्रयोग गरी सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि Help Desk, सूचना पाटी, सूचना अधिकारीको व्यवस्था जस्ता कार्यक्रमगत तथा विषयगत प्रबन्ध गरिदै आइएको छ । हाल LMBIS, HIMS, CGAS, PIS लगायतका प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणालीको विकासले तथ्याङ्कको संकलन र विश्लेषण गर्न तथा विभिन्न वेव पोर्टल हरूको कारणले विश्लेषित तथ्याङ्कहरू प्रकाशन गरि सबैको पहुँचमा पुर्याउन नेपाल जस्तो भौगोलिक रुपमा विकट मुलुकका लागि सहजता ल्याएको छ। यही सन्दर्भलाई तथ्याङ्क समन्वय कार्यालय, पाल्पाले पनि आत्मसात गरि संकलित तथ्याङ्कहरू विद्युतिय माध्यमद्वारा प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरेको छ । जसले गर्दा सरल, सहज र चुस्त दुरुस्त रूपमा तथ्याङ्कीय विवरण तयार गरि निति तथा योजना निर्माणमा प्रयोग गर्न सम्भव तुल्याएको छ। सूचना तथा प्रविधि आजको युगको आधारशिला हो। प्रविधिको समुचित प्रयोगले मात्र समृद्ध र आधुनिक समाजको निर्माण सम्भव छ।

## ६.१ सूचना प्रविधि सम्बन्धी विविध प्रबन्धहरू

सूचना अधिकारीः- अवधेश कुमार शुक्ला, फोन नं- ९८५७०८२५१२

कार्यालयको इमेलः- scopalpa@nsonepal.gov.np/scopalpa512@gmail.com

टेलिफोन नं – ०७५५२०५१२

गुनासो/उजुरी पेटिकाको प्रयोग गरिएको ।

विभिन्न तथ्याङ्कहरू कार्यालयको वेवसाइट scopalpa.nsonepal.gov.np मा प्रकाशन गर्ने गरिएको ।

## ६.२ सूचना प्रविधिको भौतिक अवस्था

सूचना प्रविधि (Information Technology – IT) आजको युगको अत्यावश्यक पक्ष हो। यसको प्रयोगले कुनै पनि संस्था वा कार्यालयलाई छरितो, प्रभावकारी र पारदर्शी बनाउँछ। सूचना प्रविधि सञ्चालन गर्नका लागि आवश्यक पर्ने सबै भौतिक साधन-स्रोत तथा संरचनाहरूलाई सूचना प्रविधिको भौतिक अवस्था भनिन्छ। सूचना प्रविधिको भौतिक अवस्था कुनै पनि कार्यालय वा संस्थाको प्राविधिक आधारशिला हो। यसको सुदृढ संरचना बिना आधुनिक सेवा प्रवाह सम्भव छैन। त्यसैले, सूचना प्रविधिको भौतिक पूर्वाधारमा यथोचित लगानी, योजना र व्यवस्थापन हुनु अत्यन्त जरुरी छ। यसले समग्र संस्था वा राष्ट्रको सूचना व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउँछ। यस कार्यालयमा भएका सूचना प्रविधि सम्बन्धि भएका भौतिक सामाग्रीको विवरण देहाए बमोजिम छ।

तालिकाः सूचना प्रविधिको भौतिक संख्या

| क्र.स. | साधन | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | डेस्कटप कम्प्युटर सेट | ४ | |
| २ | ल्यापटप | ७ | |
| ३ | फोन सेट | ३ | |
| ४ | प्रिन्टर चालु | ५ | |
| ५ | इन्टरनेट सेवा | १ | |
| ६ | सूचना पाटी | १ | |
| ७ | उजुरी पेटीका | १ | |
| ८ | राउटर | १ | |

*स्रोतः-तथ्याङ्क समन्वय कार्यालय,पाल्पा*

# खण्ड ७ कार्यालयको समस्या, समाधानका उपाय र अभ्यासहरू

कार्यालय कुनै पनि संस्था वा संगठनको प्रशासनिक केन्द्र हो। कार्यालयमा विभिन्न कार्यहरू सञ्चालन गरिन्छ, जहाँ विविध प्रकृतिका समस्या देखा पर्न सक्छन्। ती समस्याहरूले कार्यालयको कार्य सम्पादनमा बाधा पुऱ्याउन सक्छन्। यस्ता समस्याहरूको पहिचान, समाधानका उपाय र राम्रो अभ्यासहरू अपनाउनु कार्यालयको प्रभावकारिता वृद्धि गर्न अत्यावश्यक हुन्छ। कार्यालय सञ्चालनमा देखिने समस्याहरू समयमै पहिचान गरेर उचित उपायहरू अपनाउन सकिएमा कार्यसम्पादनमा सकारात्मक सुधार आउँछ। साथै, राम्रो अभ्यासहरूको निरन्तर प्रयोगले कार्यालयलाई अझ प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउन सहयोग पुऱ्याउँछ। दक्ष जनशक्ति, प्रविधिको सही उपयोग र व्यवस्थापनमा सुधारले समग्र कार्यालय संस्कृति नै सुधार गर्न सकिन्छ।

## ७.१ कार्यालयका मौजुदा समस्या

- सेवाग्राहीको आवश्यकता र माग अनुसारका खण्डिकृत तथ्याङ्क उपलब्ध गराउन नसकिएको ।
- तथ्याङ्कको महत्व र भूमिका बारे स्थानियस्तरका जनमानसमा अनभिज्ञता रहनुले तथ्याङ्क संकलन कार्यमा कठिनाई आई परेको ।
- तथ्याङ्क संकलन र व्यवस्थापनका लागि आर्थिक स्रोतको अभाव रहेको ।
- कार्यालयमा कम्प्युटर, प्रिन्टर जस्ता उपकरणहरुको संख्या अपर्याप्त भएको हुँदा कार्यालयको दैनिक कामकाजमा कठिनाई भएको ।
- कार्यालयको पुजिगत सुधारका लागि बजेटको अभाव रहेको ।
- सवारी साधनहरुको मर्मत तथा नविकरणका लागि पर्याप्त बजेट नहुनु ।
- सवारी साधन (गाडी) को अभावका कारण कार्यालयबाट गरिने कामकाजहरु प्रभावित भएको ।
- आर्थिक क्षेत्र अन्तर्गतका उद्योग, व्यापार एवम् आम्दानी खर्चसंग सम्बधि विवरणहरु उत्तरदाताहरुले सही ढंगबाट उपलब्ध नगराउनु ।
- तथ्याङ्क ऐन, नियमहरुका प्रावधानहरुको बारेमा सरोकारवालाहरु अनभिज्ञता रहनु ।
- कम्प्युटर सफ्टवेयर (**CSPro, SPSS, GIS**) सम्बन्धि ज्ञान सबै कर्मचारीमा नहुँदा कर्मचारीको प्राविधिक दक्षतामा कमी भई व्यक्तित्व विकासमा बाधा पुगेको ।
- तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि पर्याप्त बजेटको अभाव रहेको ।
- तथ्याङ्क समन्वय कार्यालयको पहिचान केन्द्रदेखी स्थानियस्तरमा तथ्याङ्क संकलनको कार्यमा मात्र सिमित भएकोले जनमानसमा यस कार्यालय प्रति अनभिज्ञता कायमै रहेको ।

## ७.२ समस्या समाधानका उपायहरू

- कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिम तथा तथ्याङ्क सम्बन्धि कम्पुटर तालिम र सेवाकालिन तालिमहरुको व्यवस्था गर्नुपर्छ ।
- केन्द्रबाटै नीतिगत सहमती गरी स्थानिय तह र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वय गरी तथ्याङ्किय दोहोरोपना हटाउन प्रभावकारी भुमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।
- स्थानियस्तरमा तथ्याङ्क सम्बन्धि जानकारीका लागि तथ्याङ्कक िय साक्षरता कार्यक्रम, सचेतना गोष्ठी आदी कार्यक्रमहरु को विस्तार हुनुपर्दछ ।

- स्थानिय स्तरको तथ्याङ्क जिल्लास्तरमा नै उत्पादन तथा वितरण गर्ने व्यवस्था गरिनुपर्छ ।यसका लागि स्थानिय तह र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वय गरी आवश्यकीय कदम चाल्नुपर्छ ।
- तथ्याङ्कहरु उपलब्ध गराउन आनाकानी गर्ने संघ संस्था एवम् प्रतिष्ठानहरुलाई कानुनी दायरामा ल्याई कर्तव्यनिष्ठ बनाउन पहल गर्नुपर्छ ।
- तथ्याङ्क ऐन २०७९ मा भएका प्रावधानहरु यथाशिघ्र लागु गर्नुपर्छ ।
- क्याम्पस र विद्यालयस्तरीय तथ्याङ्क सम्बन्धि अन्तरक्रियात्मक गोष्ठी लगायतका कार्यक्रम संचालन गरी यस कार्यालयको साख र पहिचानलाई वृद्धि गर्ने अवसर प्राप्त हुन सक्छ ।

## ७.३ कार्यालयका अभ्यासहरू

- कार्यालयको बैठक नियमित तथा आवश्यकता अनुसार बसी छलफल एवम् समिक्षा गर्ने गरिएको
- सहभागितात्मक रुपमा कार्ययोजना बनाई सोही अनुसार कार्यान्वयन गरिएको ।
- फाँट र शाखाहरु बनाई कार्य विभाजन गरिएको ।
- कार्यालयमा नागरिक वडापत्र, सूचना अधिकारी, गुनासो पेटिका एवम् गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको ।
- तथ्याङ्क, सूचना तथा परामर्श सहयोगका लागि सम्पर्कमा आउने व्यक्ति एवम् संघ संस्थाको मागलाई तत्काल सम्बोधन गर्ने गरिएको ।
- स्वतः प्रकासन कार्यलाई नियमित गरिएको ।
- आवश्यक फिल्ड कार्य सँगसँगै अनुगमन कार्यलाई तिव्रता साथ अगाडी बढाईएको ।
- नियमित रुपमा जिन्सी निरीक्षण र प्रतिवेदन गर्ने गरिएको ।
- मितव्ययिता एवम् आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गर्ने प्रयास गरिएको ।
- कार्यालयको इमेल र वेबसाइटलाई प्रयोगमा ल्याइएको तथा नियमित अद्यावधिक गर्ने गरिएको
- नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने निर्देशन एवम् परिपत्रको पालना गर्ने गरिएको ।

तथ्यांक दिवस २०८२ को सन्दर्भमा तथ्यांक प्रदायक व्याक्ति तथा संस्था सम्मान कार्यक्रम











## तथ्याङ्क दिवस २०८२ को सन्दर्भमा तथ्याङ्क प्रदायक व्याक्ति तथा संस्था सम्मान कार्यक्रम











दिवस-२०८२
: २०८२/०९/१७


तथ्याङ्क समन्वय कार्यालय, पाल्पा
तथ्याङ्क दिवस-२०८२


तथ्याङ्क दिवस-२०८२
मिति : २०८२/०९/१७


तथ्याङ्क दिवस-२०८२
मिति : २०८२/०९/१७

## पालिका स्तरीय तथ्याङ्कीय साक्षरता कार्यक्रम_ तानसेन नगरपालिका, पाल्पा









## पालिका स्तरीय तथ्याङ्कीय साक्षरता कार्यक्रम_ रामपुर नगरपालिका, पाल्पा





## पालिका स्तरीय तथ्याङ्कीय साक्षरता कार्यक्रम_ सन्धिखर्क  नगरपालिका, अर्घाखाँची









## पालिका प्रोफाइलको तथ्याङ्क सङ्कलनका क्रममा रूरूक्षेत्र गाउँपालिमा



# धन्यवाद!